आज मिति २०७३ भदौं ३ गते शुक्रबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

| | |
|---|---|
| कार्यकारी अधिकृत तथा नगरप्रमुख | श्री पशुपति खतिवडा |
| आमन्त्रित | |
| सामुदायिक अधिकृत | श्री अनन्त प्रकाश वस्ती |
| राजश्व शाखा प्रमुख | श्री पवित्रा कुमारी सुब्बा |
| नायब सुब्बा | श्री लक्ष्मी राई |

**निर्णय नं. १** राजश्व परामर्श समितिका मिति २०७३/०५/०१ गतेको बैठकको निर्णय सिफारीश अनुसार आ.व. २०७३/२०७४ वर्षका लागि ठेक्का व्यवस्थाद्धारा दैनिक तथा साप्ताहिक हाटकर शुल्क असुलीका लागि स्थानीय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ बमोजिम वार्षिक न्युनतम अङ्क रु.११,५१,००१/- (अक्षरेपी एघार लाख एकाउन्न हजार एक)मा प्रथम पटक मिति २०७३/०१/३१ गते ३० दिने प्रकाशित सूचनामा कुनै पनि बोलपत्र पेश हुन नआएको र नियम १६७ (४) ज बमोजिम मिति २०७३/०३/०२ गते पून: सूचना प्रकाशित गर्दा बोलपत्र पेश हुन नआएकोले नियम १६७ (४) झ बमोजिम मिति २०७३/३/३० गते सार्वजनिक बढाबढको सूचना प्रकाशित गर्दा समेत बढाबढमा भाग लिन कुनै पनि व्यक्ति नआएको हुदाँ स्थानीय स्वायत्त शासन आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ (५) बमोजिम उक्त ठेक्काको आ.व. २०७१/२०७२ मा कायम हुन आएको ठेक्का अङ्क रु. ८,०१,१११/- (अक्षरेपी आठ लाख एक हजार एक सय एघार) लाई न्युनतम वार्षिक टेक्का अङ्क कायम गरी नियमानुसार सूचना प्रकाशित गरी दैनिक तथा साप्ताहिक हाटकर ठेक्का लगाउने निर्णय गरियो ।

श्री सूचना ईकाई